यसपटकको भोट – राप्रपाको 'हलो' छापमा !

नेपालको निर्णायकत्व – नेपालीको हातमा !!

**हलो चिन्हमा मतदान गरौं**

# राष्ट्रिय प्रजातन्त्र पार्टी

# घोषणा पत्र

## प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९



"एकपटक राप्रपालाई, यसैपटक राप्रपालाई"

# राष्ट्रिय प्रजातन्त्र पार्टी
## प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९
# घोषणा पत्र

**आदरणीय देशप्रेमी, धर्मप्रेमी, आमाबुवा, दिदी बहिनी, दाजुभाई तथा अन्य महानुभावहरु !**

आगामी मंसिर ४ गते प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचन मार्फत मुलुक र मुलुकवासीको भविष्य कोर्ने राजनीतिक दल र नेतृत्व रोज्ने प्रजातान्त्रिक अभ्यासमा हामी पुनः सहभागी हुँदैछौं । आफ्नो भविष्य आफै कोर्ने सुवर्ण प्रजातान्त्रिक अभ्यासमा सहभागी हुन लाग्नु भएका सम्पूर्ण आदरणीय मतदाताहरुमा राष्ट्रिय प्रजातन्त्र पार्टी हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ । आगामी प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन मार्फत देशमा शान्ति र स्थायित्व कायम गर्दै मुलुकको समग्र आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा व्यापक रुपान्तरण हुनु पर्दछ भन्ने आम जनताको अपेक्षा रहेको छ । जनताको यस अपेक्षालाई जनता स्वयंले परिपूर्ति गर्न पाउने स्वर्णिम अवसरलाई आम नेपाली मतदाताले पूर्णरुपले सदुपयोग गर्नु हुनेछ भन्ने कुरामा राप्रपा विश्वस्त छ ।

राष्ट्रियता, प्रजातन्त्र, स्थायित्व र समृद्धिका लागि मुलुकमा सर्वधर्म समभाव, पूर्ण धार्मिक स्वतन्त्रता सहितको वैदिक सनातन धर्म सापेक्ष हिन्दुराष्ट्र, अभिभावकीय राजसंस्था, प्रदेश रहित केन्द्र र बलियो स्थानीय तह भएको शासन प्रणाली, बृहत राष्ट्रिय एकता, आर्थिक उदारीकरण र कल्याणकारी राज्य राष्ट्रिय प्रजातन्त्र पार्टीका आधार स्तम्भ हुन् । राप्रपा सधैं प्रजातन्त्र र जनताको सर्वोच्चताप्रति प्रतिबद्ध रहँदै आएको छ । राप्रपा पूर्ण समानुपातिक संसद, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र अभिभावकीय संस्थाको रुपमा राजा रहने नवीनतम प्रणालीको पक्षमा रहेको छ ।

मुलुकको गौरवपूर्ण इतिहास, धर्म, संस्कृति, परम्पराको जगेर्ना गर्दै हाम्रै जीवनकालमा सवल, समृद्ध र नवीन नेपाल निर्माण सम्भव छ भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टी राष्ट्रिय राजनीतिको विकल्प सहित खडा भएको छ । परम्परागत रुपमा चलिआएका मूल्य मान्यतालाई निरन्तरता दिदै सो मान्यतामा समयानुकूल सुधार गर्दै जाने विषयमा राप्रपा प्रतिबद्ध छ ।

मुलुक निर्माणको मौलिक मार्गचित्र बोकेर अगाडि बढिरहेको राष्ट्रवादी प्रजातान्त्रिक दल राप्रपाले आफ्नो मौलिकता र वीर पुर्खाले आर्जेको ईतिहास माथि गौरव गर्दै विगतको सकारात्मकताको निरन्तरता सहित समयानुकुल परिवर्तनको पक्षमा आफुलाई उभ्याउने, राष्ट्रनिर्माता बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई आफ्नो आदर्श पुरुष मान्ने, मुलुक र

माटो सुहाउँदो व्यवस्थाको पक्षपाती, मुलुकको आन्तरिक मामलामा कुनै पनि प्रकारको वैदेशिक हस्तक्षेपलाई स्वीकार नगर्ने मुलुकमै जन्मिएको र मुलुकको सर्वोपरि हितमा आफुलाई समर्पित गर्ने एकमात्र राजनीतिक दल हो ।

राप्रपा मुलुकको सार्वभौमिकता, स्वतन्त्रता, अखण्डता र एकता सदैव अक्षुण्ण राख्न कटिबद्ध रहदैं आइरहेको छ ।

**आदरणीय मतदाता महानुभावहरु,**

बहुदलीय व्यवस्था पुनर्स्थापित भएको तीन दशकभन्दा बढी र वर्तमान संघीय गणतन्त्र कार्यान्वयन भएको करिब डेढ दशक पछि पनि जनताको चाहना र मुलुकको आवश्यकता पूर्ति हुन नसकेको वर्तमान पृष्ठभुमिमा विगतको यथार्थ विश्लेषण र मुल्यांकन गर्दै विगतका गल्ती कमीकमजोरीहरु सुधार गरी अगाडि बढ्नु उपयुक्त हुन्छ भन्ने राप्रपाको ठहर रहेको छ ।

बहुदलीय व्यवस्थाको पुनर्प्राप्ति सँगै नेपाली जनताले देखेका मुलुक निर्माणका सपनाहरू, आमूल परिवर्तनको नारा दिएर बि.सं.२०५२ सालमा सुरु भएको हिंसात्मक द्वन्दले देखाएका कल्पित सपनाहरु, २०६२/६३ को आन्दोलन र उक्त आन्दोलन पश्चात् तत्कालीन व्यवस्थालाई नै मुलुक निर्माणको बाधक करार गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नै मुलुकको सर्वाङ्गिण विकासको निमित्त अचुक औषधि हो भन्दै नेपाली जनतालाई देखाईएका सपनाहरु परिपूर्ति हुन नसकेको यथार्थता हाम्रो सामु छर्लङ्ग छ । देशको आवश्यकता र जनताको चाहना परिपूर्ति हुनुको साटो बरु झन् झन् मुलुक बर्बादीतर्फ उन्मुख भइरहेको छ । हाल मुलुक राजनीतिक अस्थिरता, सामाजिक द्वन्द, आर्थिक संकट, नीतिगत भ्रष्ट्राचार र असन्तुलित वैदेशिक नीतिबाट प्रताडित भइरहेको यथार्थ जगजाहेरनै छ । विगतको तीन दशकलाई हेर्ने हो भने मुलुकमा राजनीतिक व्यवस्थामा त परिवर्तन भयो तर देश र जनताको अवस्थामा परिवर्तन हुन सकेन । यसर्थ, हिजो हामी कहाँ जान हिडेका थियौं र आज कहाँ आईपुग्यौं? यसको हामीले निर्मम आत्मसमीक्षा गर्नुपर्ने बेला भैसकेको छ ।

हाल मुलुकको राष्ट्रियता अत्यन्तै कमजोर अवस्थामा पुगेको छ । राष्ट्रिय एकता र सामाजिक, धार्मिक सद्भाव खल्बलिएको छ । हाम्रो जस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक र भौगोलिक बिषमता भएको मुलुकमा विविधतालाई एकतामा जोड्ने संयन्त्र तथा संरचनाहरु कमजोर र ध्वस्त बनाइएका छन् । मुलुकको ईतिहास, गौरव र पहिचान समाप्ति तर्फ उन्मुख छ । मुलुकको समग्र अर्थतन्त्र अत्यन्तै कमजोर अवस्थाबाट गुज्रिरहेको छ । बेरोजगारी समस्या विकराल बनेको छ । वैदेशिक हस्तक्षेप डरलाग्दो ढङ्गले बढेको छ । मुलुकमा लोकतन्त्रको नाममा लुटतन्त्र व्याप्त छ । मुलुक सीमित राजनीतिक दलहरूको भागबन्डाको चक्रव्युहमा नराम्रोसँग फसेको छ । फरक वैचारिक चिन्तन र पृष्ठभुमि बोकेका राजनीतिक दलहरू गठबन्धनको नाममा मिलेर

लुट्ने परिपाटी व्याप्त छ । संगठित रूपमा मिलेर लुट्ने र राज्यले नै कृत्रिम संयन्त्र तयार गरी चोखिने-चोख्याउने परिपाटी बसालिएको छ । मुलुकको सनातन धर्म संस्कृतिमाथि प्रहार गरिएको छ । राष्ट्रिय एकताका आधारहरु भत्काईएका छन् । कार्यकर्ता व्यवस्थापनको निमित्त सरकारको तह र आकार वृद्धि गरिएको छ । राज्यका प्रायः सबै संयन्त्रहरु पार्टीकरणको चरम चपेटामा परेका छन् । भ्रष्टाचार अत्यन्त डरलाग्दो रोगको रुपमा रहेको छ र यो तल्लो तहसम्म संस्थागत भएको छ । गरिब र धनी बीचको खाडल अत्यन्तै फराकिलो हुदै गइरहेको छ । महङ्गी बढेर सर्वसाधारण जनताको घरमा चुल्हो बाल्न समेत कठिनाइ हुने अवस्था सृजना भएको छ । यो मुलुकमा व्याप्त उल्लेखित समस्याहरुको समाधान केवल पात्र बदलेर मात्रै होइन, पुरै प्रवृत्ति र प्रणाली परिवर्तनबाट मात्रै सम्भव छ । प्रजातन्त्रमा प्रत्येक आवधिक निर्वाचनमा जनताले उपयुक्त दल र व्यक्ति चयन गर्ने अवसर प्राप्त गर्दछ । त्यसैले नै प्रजातान्त्रिक प्रणालीमा जनतालाई मालिकको रूपमा चित्रण गर्ने गरिएको हो । तर जनतालाई वास्तविक रूपमा मालिक बन्ने अवसर त्यति बेला मात्रै प्राप्त हुन्छ, जतिबेला जनताको एउटा हातमा मतपत्र र अर्को हातमा स्वस्तिक चिन्ह आइपुग्दछ । यसर्थ, पुनः एकपटक जनता मालिक बन्ने अवसर यहाँहरु सामु आइरहेको छ र मुलुकको सर्वोपरि हितको पक्षमा र मुलुकलाई बर्बादीको बाटोमा जानबाट जोगाउन आगामी प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचनमा विवेकपूर्ण निर्णय लिनुहुनेछ भन्ने राप्रपाले विश्वास लिएको छ ।

मुलुकको सार्वभौमिकता, अखण्डता र एकता अक्षुण्ण राख्नुको साथै राप्रपाका उल्लेखित मान्यता स्थापित गर्ने प्रतिबद्धता सहित प्रदेश सभा तथा प्रतिनिधिसभाको निर्वाचनमा राप्रपा सार्वभौमसत्ता सम्पन्न नेपाली जनता सामु निम्न संकल्प सहित आफ्नो चुनावी घोषणापत्र बोकेर घरदैलोमा उपस्थित भएको छ । आगामी प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा हलो चुनाव चिन्हमा आफ्नो अमुल्य मत दिई राप्रपाको सबल र समृद्ध नेपाल निर्माण गर्ने महाअभियानमा साथ, सहयोग र समर्थन गरिदिनु हुन आम मतदातासँग हार्दिक अनुरोध गर्दछौं ।

# अबको गन्तव्यः सबल र समुन्नत नेपाल

राष्ट्रियता र सार्वभौमिकता मजबुत पार्न, मुलुकमा सामाजिक रुपान्तरण गर्न, सामाजिक सुरक्षा सुनिश्चित गर्न, बि.सं. २०८७ सम्ममा दीगो विकास हासिल गर्ने लक्ष्य राखी मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति गरी समुन्नत नेपाल निर्माण गर्ने नेपाली जनताको चाहनालाई मूर्तरुप दिन राप्रपाले विभिन्न महत्वपूर्ण कार्ययोजना जनसमक्ष प्रस्तुत गरेको छ ।

**दीर्घकालीन सोचः** सबल र समुन्नत नेपाल ।
**दीर्घकालीन राष्ट्रिय लक्ष्यः** पूँजी निर्माण, दीगो विकास, निःशुल्क शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, समान न्याय र समतामूलक सम्वृद्धिका साथै व्यापक रोजगारीको अभिवृद्धि ।
**दीर्घकालीन मार्गचित्रः** बि.सं. २०८७ सम्ममा मध्यम आयस्तर भएको मुलुक ।
**दीर्घकालीन राष्ट्रिय रणनीतिः** दिगो आर्थिक वृद्धि, गुणस्तरीय स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा, गरिवी न्यूनीकरण, दिगो शहर र बस्ती विकास, रोजगारमूलक उत्पादन अभिवृद्धि, सार्वजनिक सेवा प्रवाहको सुदृढिकरण, प्राकृतिक स्रोतको उच्चतम सदुपयोग र संरक्षण, दिगो सामाजिक सुरक्षा तथा संरक्षण ।

**शासकीय स्वरूप :**

- अभिभावकीय संस्थाको रुपमा राजसंस्था ।
- जनतावाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री ।
- पूर्ण समानुपातिक संसद ।
- प्रदेशको खारेजी, केन्द्र र बलियो स्थानीय तह भएको दुई तहको शासकीय संरचना ।
- सर्वधर्म समभाव पूर्ण धार्मिक स्वतन्त्रता सहितको वैदिक सनातन धर्म सापेक्ष हिन्दु राष्ट्र ।
- एक व्यक्ति दुई कार्यकाल भन्दा बढी कार्यकारी पदमा बस्न नपाउने ।

**सुशासन : बरु नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौ**

- उच्चस्तरीय नागरिक आयोग गठन गरी २०४६ पछिका उच्चपदस्थ नेता तथा कर्मचारीहरुको सम्पत्ति छानवीन गरी अवैध सम्पत्ति जफत गर्ने कानूनी व्यवस्था मिलाईनेछ ।
- भ्रष्टाचारमुक्त, जवाफदेही तथा पारदर्शी शासन पद्दति व्यवहारमा लागु गरिनेछ ।
- जनतालाई निष्पक्ष र छिटो छरिटो सेवा उपलब्ध गराईनेछ ।
- राज्यकोष (करदाताको कर) को दुरुपयोग र आफु खुशी गर्ने प्रथाको पूर्णतः अन्त्य गरिनेछ ।
- अन्तर्राष्ट्रिय आर्थिक मान्यता एवम् देशको परिस्थिति र आवश्यकतालाई दृष्टिगत गर्दै विद्यमान सम्पत्ति शुद्धिकरण ऐनमा सुधार ल्याईनेछ।

- प्रवासमा रहेका नेपालीहरुलाई मताधिकार प्रयोग गर्न पाउने व्यवस्था गरिनेछ ।
- राजनैतिक दल रहित संवैधानिक परिषद निर्माणको व्यवस्था गरिनेछ ।
- सवै संवैधानिक अंगका नियुक्तिहरूलाई राजनैतिक भागवन्डावाट मुक्त गरी, निष्पक्ष, वस्तुगत र पारदर्शी बनाईनेछ । योग्यता, क्षमता र स्वस्थ प्रतिस्पर्धाको आधारमा नियुक्ति प्रक्रियालाई व्यवस्थित बनाई नियुक्त हुने व्यवस्था मिलाईनेछ ।
- अख्तियार दुरुपयोग निवारण आयोग जस्ता संवैधानिक निकायलाई राजनैतिक हस्तक्षेपवाट मुक्त तुल्याइनेछ ।
- सार्वजनिक प्रशासनलाई राजनीतिकरणवाट मुक्त गरी भरोसायुक्त, जनमुखी र व्यवसायिक बनाईनेछ ।
- मुलुकमा देखिएको हरेक प्रकारको दण्डहीनताको पूर्णतः अन्त्य गरिनेछ ।
- समाजमा विद्यमान सवै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्यका लागि शुन्य सहनशीलताको नीति अपनाईनेछ ।
- न्यायपालिकामा देखिएको बिकृति र विसंगति अन्त्य गर्न, गुमेको विश्वसनीयता पुनर्स्थापित गर्न र पूर्ण न्यायिक बनाउन न्यायपालिकालाई पुनर्संरचना गरिनेछ ।
- नीतिगत तथा कार्यगत क्षेत्रमा देखिएका भ्रष्टाचार तथा अनाचार अन्त्य गर्न, सार्वजनिक पद धारण गर्ने पदाधिकारीलाई कानूनी दायरामा ल्याउन स्वार्थको द्वन्द (Conflict of interest) सम्बन्धी कानून जारी गरिनेछ ।
- ईतिहासको अत्यन्तै कठिनतम समयमा समेत अक्षुण्ण रहेको हाम्रो स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय अखण्डताको संरक्षण हाम्रो मूल ध्येय हुनेछ । राष्ट्रिय सुरक्षाको अन्तिम किल्लाको रुपमा रहेको नेपाली सेनाको परम्परागत गौरवलाई अक्षुण्ण राख्दै सुधार गरिनेछ । नेपाली सेनाको सीप, विकास र दक्षता अभिवृद्धि मुख्य प्राथमिकता हुनेछ ।

**परराष्ट्र : सबैको मित्रता स्वीकार्य, हस्तक्षेप अस्वीकार्य**

- नेपालको शान्तिक्षेत्र प्रस्तावलाई पुनर्जीवित गरिनेछ ।
- असंलग्न र पञ्चशीलमा आधारित सन्तुलित परराष्ट्र नीति अवलम्बन गरिनेछ।
- छिमेकी मुलुक लगायत सबै मित्र राष्ट्रहरुसंग समनिकटताको सम्बन्ध कायम गरिनेछ ।
- नेपालको भु-भाग कसैको विरुद्ध प्रयोग हुन दिइने छैन ।
- विदेशी कुटनैतिक अधिकारीहरु संगको भेटघाट र सम्बन्ध व्यवस्थापन परराष्ट्र मन्त्रालयको समन्वयमा मात्र गर्ने व्यवस्था लागु गरिनेछ ।
- सबै प्रकारका असमान सन्धि सम्झौताहरुको संसोधन तथा खारेजीका लागि आवश्यक कुटनीतिक प्रयास गरिनेछ ।

**समष्टिगत अर्थतन्त्र : समतामूलक सम्वृद्धि**

- रोजगारी र आय-आर्जनका अवसरहरु वृद्धि गरी उपभोग तथा बचत गर्ने क्षमता वृद्धि गरिनेछ ।
- पाँच वर्ष भित्र आर्थिक वृद्धि दर ८ (+) प्रतिशत पुर्‍याईनेछ ।
- प्रत्यक्ष वैदेशिक लगानीकर्तालाई लगानीमैत्री वातावरणमा विश्वस्त तुल्याउन लगानीमैत्री कानूनहरुको निर्माण गरिनेछ ।
- सार्वजनिक खर्च प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई थप मितव्ययी र पारदर्शी बनाईनेछ ।
- करको संरचना र दरमा सुधार गरी कर प्रणालीलाई थप सरल, बैज्ञानिक र समन्यायिक बनाईनेछ ।
- स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुलाई राज्यवाट सुविधा र संरक्षण प्रदान गरिनेछ । स्वदेशी उत्पादनमा कर घटाइने र सुविधा बढाईनेछ ।
- कच्चा पदार्थ आयात नगरी नहुने अवस्थामा मात्रै आयात भन्सार दर र अन्तःशुल्क कम गरी स्वदेशी उद्योगहरुको उत्पादन क्षमता बढाईनेछ ।
- राष्ट्रिय हितलाई ध्यानमा राखी आवश्यकता र प्राथमिकताको आधारमा मात्रै अन्तर्राष्ट्रिय विकास सहायता/ऋण लिने या नलिने निक्यौंल गरिनेछ ।
- मुलुकमा उत्पादनमूलक, रोजगारीमूलक उच्च प्रतिफलयुक्त क्षेत्रलाई विकास गर्न सरल ब्याजदरमा सार्वजनिक ऋण परिचालन गरिनेछ ।
- आवश्यकता र उपादेयताको आधारमा सार्वजनिक संस्थानको पुनर्संरचना, पुनर्स्थापना गरिनेछ ।
- लामो समयदेखि रुग्ण अवस्थामा रहेका सरकारी, निजी, सार्वजनिक संस्थान र उद्योगहरु आधुनिकीकरण गर्दै पुनः संचालनमा ल्याई आयात प्रतिस्थापन गरी रोजगारी सिर्जना गरिनेछ ।
- बजार अनुगमन तथा नियमन प्रणालीलाई प्रभावकारी बनाई एकाधिकार, कालोबजारी, सिन्डिकेट तथा बिचौलिया प्रथाको अन्त्य गरिनेछ ।
- अनावश्यक आयात निरुत्साहित गर्न उत्पादन अभिवृद्धि गरी कहालीलाग्दो व्यापार घाटा कम गरिनेछ ।
- पूँजी बजारमा साना, स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ताको आकर्षण बढाईनेछ ।
- विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।
- समयमानै विकास आयोजना सम्पन्न गर्ने स्थानीय तहलाई प्रोत्साहित गर्ने गरी २ प्रतिशत बोनस सुविधा प्रदान गरिनेछ ।
- वैदेशिक लगानी समेतलाई आकर्षित गर्न उद्योग दर्ता प्रक्रियालाई सरलीकरण गरी उद्योग व्यवसाय दर्तामा लाग्ने समय र लागत कम गरिनेछ । डिजिटल प्रणाली मार्फत सेवा प्रवाहलाई चुस्त बनाईनेछ ।
- सरकारी सेवाको दस्तुर शुल्क र करलाई अनलाइन प्रणाली मार्फत सोझै सेवाग्राहीले भुक्तानी गर्न सक्ने व्यवस्था गरिनेछ ।

- सहकारी क्षेत्रमा देखिएको विकृति, विसंगतिहरुको नियन्त्रण र बचतकर्ताहरुको बचतलाई सुरक्षित गरी उत्पादनमुखी र रोजगारी सृजना गर्ने व्यवस्था मिलाईनेछ ।

**शिक्षा र स्वास्थ्य : शिक्षा, स्वास्थ्य र न्याय नि:शुल्क तथा समान**

**शिक्षा :**

- विश्वविद्यालयहरुमा प्रधानमन्त्री - कुलपति र शिक्षा मन्त्री - सहकुलपति हुने व्यवस्थालाई अन्त्य गरी विश्वविद्यालयहरुमा बर्षौंदेखि भै आएको राजनीतिक हस्तक्षेप अन्त्य गर्न, संसारको विभिन्न मुलुकमा अपनाउदै आएको प्रतिष्पर्धाको नयाँ मापदण्ड अपनाई कुलपति, सह-कुलपति र उपकुलपति चयन गर्ने व्यवस्था गरिनेछ ।
- कक्षा १२ सम्म पूर्ण रुपमा निःशुल्क र गुणस्तरीय शिक्षाको संवैधानिक व्यवस्थालाई पूर्णरुपमा लागु गरिनेछ ।
- समयक्रममा उच्च शिक्षालाई समेत निःशुल्क गरिनेछ ।
- शिक्षा क्षेत्रको वार्षिक बजेट, देशको कुल बजेटको कम्तिमा १५ प्रतिशत पुऱ्याईनेछ ।
- सबै प्राविधिक विद्यालयहरुलाई स्रोत साधनयुक्त बनाईनेछ । सबैको पहुँचमा प्राविधिक र स्वरोजगार उन्मुख शिक्षा पुऱ्याईनेछ र उद्यमशीलताको विकास गरिनेछ ।
- सबै तहका विद्यालयहरुमा शिक्षक सहितको कम्प्युटर शिक्षा अनिवार्य गरिनेछ ।
- काठमाडौंको बुढानीलकण्ठ स्कूललाई सातै प्रदेशमा नमुना विद्यालयको रुपमा स्थापना गरिनेछ । सरकारी विद्यालय र निजी विद्यालय बीच गुणस्तरमा देखिएको खाडल/भिन्नतालाई न्यूनीकरण गर्न सरकारी विद्यालयको गुणस्तर वृद्धि गर्ने कार्यक्रमहरु विस्तार गरिनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी अनिवार्य गरिने तथा सम्बन्धित कार्यक्रमलाई गुणस्तरीय बनाईनेछ ।
- आधारभुत तहसम्म स्थानीय मातृभाषामा शिक्षा दिने व्यवस्था गरिनेछ ।
- विद्यालयहरुमा नैतिक शिक्षा सम्बन्धी पठनपाठनको व्यवस्था गरिनेछ ।
- फरक शारीरिक क्षमता भएका विद्यार्थीका लागि विशेष प्रोत्साहन र कक्षाको व्यवस्था गरिनेछ ।
- संस्कृत शिक्षाको संरक्षण, विकास र प्रवर्द्धनका लागि विशेष कार्ययोजना बनाई लागु गरिनेछ ।
- उच्च शिक्षा, विज्ञान र प्रविधिको विकासको लागि उच्च शिक्षाको लागि छुट्टै मन्त्रालयको स्थापना गरिनेछ ।
- विद्यालयमा लागु औषध दुर्व्यसन विरुद्ध नियमित रुपमा सचेतना अभियान सञ्चालन र अनुगमन गर्ने व्यवस्था गरिनेछ।
- प्रत्येक स्थानीय तहमा बेरोजगार युवाको लागि सीपमुलक तालिम केन्द्र स्थापना गरिनेछ । यसरी सीप सिकेका युवालाई स्वदेशमै रोजगारीको व्यवस्था मिलाईनेछ ।
- शिक्षा क्षेत्रमा देखिएको अत्यधिक राजनीतिकरण, दलीय भागवण्डा, अराजकता, र विसंगतिलाई

कानूनी रुपमा अन्त्य गरिनेछ ।

- गुरुकुल लगायतका धार्मिक विद्यालयहरुको विकास निर्माण, सुधार र संरक्षणका कार्यहरु गरिनेछ ।

**स्वास्थ्य तथा पोषण :**

- काठमाडौंको वीर अस्पताल स्तरको अस्पताल सातै प्रदेशमा निर्माण गरी संचालन गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवा सबै नागरिकलाई निःशुल्क गरिनेछ ।
- सबै नागरिकलाई स्वास्थ्य बीमाको पहुँच वृद्धि गरी बीमाको दायरामा ल्याईनेछ र सबै बीमितले आफुले चाहेको अस्पतालमा उपचार गर्न पाउने व्यवस्था मिलाईनेछ ।
- समयक्रममा स्वास्थ्य उपचार सेवा सबैका लागि निःशुल्क गरिनेछ ।
- बीमितलाई गर्नु पर्ने स्वास्थ्य बीमाको भुक्तानीमा देखिएको समस्यालाई कडाईका साथ नियमन गरी व्यवस्थापन गरिनेछ ।
- सबै प्रकारको औषधिको गुणस्तर नियन्त्रणको लागि कडाईका साथ नियमन गरिनेछ ।
- सरकारी स्वामित्वमा रहेको नेपाल औषधि उद्योग लि. लाई सुदृढ बनाई अत्यावश्यक गुणस्तरीय औषधि उत्पादन गरिने तथा निजी औषधि उद्योगलाई आवश्यक सहुलियत प्रदान गरी औषधि उत्पादनमा मुलुकलाई क्रमशः आत्मनिर्भर बनाईनेछ ।
- "वडा स्वास्थ्य केन्द्र" मार्फत वडाका प्रत्येक नागरिकको स्वास्थ्य प्रोफाईल तयार गरिनेछ ।
- ज्येष्ठ तथा अशक्त नागरिकको घर दैलोमा स्वास्थ्य सेवा पुऱ्याईनेछ ।
- प्रत्येक वडामा सुरक्षित प्रसुती सेवा सहित न्यून आय भएका परिवारका सुत्केरीलाई तीन महिनासम्म रु.३०००/- मासिक भत्ता उपलब्ध गराईनेछ ।
- स्थानीय महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- सिक्कलसेल एनिमिया जस्ता रोगका बिरामीलाई निःशुल्क उपचारको व्यवस्था गरिनेछ ।
- क्यान्सर, मृगौला तथा मेरुदण्ड रोगबाट पीडित नागरिकलाई मासिक स्वास्थ्य भत्ताको व्यवस्थालाई अझ सुदृढ गरिनेछ । डायलाईसीस गर्ने निःशुल्क सेवालाई अझ प्रभावकारी र सर्वसुलभ रुपमा उपलब्ध गराईनेछ ।
- प्रत्येक किशोरीलाई पाठेघरको क्यान्सर विरुद्धको खोपको व्यवस्था गरिनेछ ।
- आयुर्वेद, प्राकृतिक योग तथा अन्य चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दै स्वास्थ्य सेवालाई दिगो र गुणस्तरीय बनाईनेछ ।

**जनसंख्या तथा बसाई सराई : सुरक्षित जनजीवन, विकसित र स्थायी बसोबास**

- पहाडी तथा हिमाली जनसंख्यालाई स्थायित्व दिनको लागि ग्रामीण, दुर्गम तथा पिछडिएका क्षेत्रमा शिक्षा, स्वास्थ्य, सुरक्षा र भौतिक पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ ।
- पहाडी तथा हिमाली जनसंख्यालाई स्थायित्व दिनको लागि रोजगारी सिर्जना र आवासको व्यवस्था गरिनेछ साथै स्थानीय परम्परागत बहुमूल्य वस्तुहरुको उच्च प्राथमिकताका साथ

उत्पादन, संरक्षण, प्रवर्द्धन गर्दै उत्पादित वस्तुको बजारीकरण गरिनेछ ।

- सातै प्रदेशका शहरी सम्भाव्यता भएका ग्रामीण भेगका बस्तीहरुलाई पहिचान गरी उक्त बस्तीहरुमा यातायात, सूचना लगायतका पूर्वाधार विकास गरी "स्मार्ट सिटी" को रुपमा विकास गरिनेछ ।

**रोजगारी, श्रम तथा राष्ट्रिय स्वयंसेवक परिचालन (निश्चित समयको रोजगारी सहितको) : विदेशिएका युवाका निमित्त स्वदेशमै लगानी, स्वदेशमै रोजगारीको अवसर**

- नेपाल स्काउट, युवा तथा खेलकुद, शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशुपन्छी विकास, संघीय मामिला तथा स्थानीय विकासका क्षेत्रहरुमा सहयोग र सहजीकरण गर्न निश्चित समयको रोजगारी सहित प्रति वर्ष १० लाख राष्ट्रिय स्वयंसेवक परिचालन गरिनेछ ।
- प्रत्येक स्थानीय तहमा राष्ट्रिय स्वयंसेवक व्यवस्थापन तथा परिचालन समितिको व्यवस्था गरिनेछ ।
- सरकारी, अन्तर्राष्ट्रिय दातृ निकाय, वित्तीय संस्थाको सहयोगमा प्राविधिक र व्यावसायिक शिक्षा बृहत तालिम कोष (Technical and Vocational Education Fund (TVET Fund) नामक बृहत कोष खडा गरिनेछ । कोषमा योजना, अर्थ, शिक्षा, उद्योग, श्रम तथा रोजगार, संस्कृति, पर्यटन तथा नागरिक प्राधिकरण, संघीय मामिला तथा स्थानीय विकास, उद्योग तथा नीजि क्षेत्रहरुसंग सहकार्य गरिनेछ । सो कोषबाट बेरोजगारहरुलाई अल्पकालीन र मध्यमकालीन प्राविधिक तालिमहरु र उद्यमशीलता सम्बन्धि तालिमहरु प्रदान गरिनेछ ।
- आगामी पाँच वर्ष भित्र रोजगारीका अवसर स्वदेशमै सिर्जना गरी वैदेशिक रोजगारीमा जानेहरुको उल्लेख्य रुपमा झारिनेछ ।
- "एक परिवार एक रोजगार" अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- जनशक्ति र रोजगारी सम्बन्धी केन्द्रीय तथ्याङ्क प्रणाली स्थापना गरी आर्थिक रुपले सक्रिय जनसङ्ख्याको विवरण अद्यावधिक गरिनेछ ।
- रोजगार तथा निर्यात प्रवर्द्धन गर्ने उद्योग तथा कलकारखानालाई विद्युत, कर लगायतमा छुटको व्यवस्था गरिनेछ ।
- रोजगारीसंग सम्बन्धित युवा स्वरोजगार कोष, गरिवी निवारण कोष लगायतको कोष बोर्ड र आयोगहरुलाई राजनीतिको प्रभावबाट मुक्त बनाई सर्वसाधारण नागरिकको पहुँच बढाई रोजगारी र स्वरोजगार हुने अवस्था सिर्जना गरी संरचनात्मक सुदृढिकरण गरिनेछ ।
- स्वदेशमा नै पूर्ण रोजगारीको वातावरण नबने सम्म सातै प्रदेशमा वैदेशिक रोजगारीमा जानेहरुलाई अर्ध दक्ष, दक्ष र व्यवसायिक जनशक्तिको रुपमा जान सक्ने बनाउन, आवश्यक तालिम, सीप विकास, सहुलियत ऋण र जीवन बीमाको व्यवस्था गरिनेछ र वैदेशिक रोजगारीलाई सुरक्षित र लाभदायक बनाईनेछ ।
- वैदेशिक रोजगारीबाट आर्जित पूँजी, सीप, प्रविधि र अनुभवको स्वदेशमा प्रयोग गरी रोजगारी

सिर्जना गर्ने उद्यमीलाई विशेष कार्ययोजना बनाई प्रोत्साहित र सहुलियत प्रदान गरिनेछ ।

- सहकारी क्षेत्रवाट उत्पादन वृद्धि, रोजगारी सृजना र गरिवी न्यूनीकरण गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।
- ग्रामीण विकास तथा रोजगार कार्यक्रमलाई पुनर्संरचना गरी प्रभावकारी बनाईनेछ ।
- वैदेशिक रोजगारीका क्रममा विदेशमा कार्यरत नेपाली श्रमिकको सामाजिक सुरक्षा, कार्यस्थल सुरक्षा, स्वास्थ्य र बीमाको व्यवस्था, सीप विकास, पारिश्रमिक वृद्धि लगायतका विषयमा र श्रम गन्तव्य विविधिकरणका विषयमा प्रभावकारी श्रम कुटनीति अवलम्बन गरिनेछ ।

## कृषि तथा पशु, खाद्यान्न सुरक्षा : कृषकलाई सम्मान - उत्पादकत्व वृद्धि र पूँजी निर्माण

- कृषि उत्पादनमा आत्मनिर्भर हुन अत्यावश्यक रासायनिक मल कारखाना बढीमा तीन वर्ष भित्र स्थापना गरिनेछ ।
- कृषिजन्य उद्योगमा स्थानीय रोजगार प्रवर्द्धनलाई प्रथम प्राथमिकता दिइनेछ ।
- निर्यातमूलक कृषिजन्य उत्पादनमा प्राथमिकता दिइनेछ ।
- कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई एकीकृत कृषि तथा पशुपन्छी ज्ञान केन्द्रको रुपमा रुपान्तरण गरी स्थानीय तहका जनशक्तिको क्षमता अभिवृद्धि गर्दै कृषकहरुलाई सेवा र सुविधा उपलब्ध गराइनेछ ।
- कृषि क्षेत्रमा लगानी वृद्धि गरी वास्तविक किसानहरुलाई सहुलियतपूर्ण दरमा कर्जा प्रवाह गरिनेछ, कृषकले पाउने अनुदानलाई पहुँचमा वृद्धि गरिनेछ र कृषकले लिएको ऋण तिर्ने सुविधाको अवधि १५ वर्ष कायम गरिनेछ ।
- कृषिजन्य वस्तुको बजार तथा उचित मूल्य सुनिश्चित गर्न थोक तथा हाट बजारको विस्तार र व्यवस्थापन गरिनेछ ।
- सिँचाई, कृषि सडक तथा बजार पूर्वाधारहरुको विकास तथा विस्तार गरिनेछ ।
- किसानको खेत खेतमा बिजुलीको व्यवस्था गरिनेछ ।
- प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा सम्भाव्यताका आधारमा निजी क्षेत्र/सहकारीको सहकार्यमा कृषि उपज भण्डारण/शीतघर (चिस्यान केन्द्र) स्थापना गरिनेछ ।
- पशुपंक्षीमा लाग्ने रोग विरुद्धका आवश्यक खोपहरु स्वदेशमै उत्पादन गर्न प्राथमिकता दिइनेछ ।
- कृषि प्रसार र प्रविधिको विस्तारमा एकीकृत एवम् आधुनिक सूचना तथा प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।
- स्थानीय तहलाई एक विकास इकाई मानी सम्भाव्यताको आधारमा बाली,फलफुल, पशुपंछी तथा मत्स्य पकेट क्षेत्र पहिचान गरी कृषकलाई आवश्यक पर्ने उत्पादन सामाग्री र सेवा एकद्वार प्रणालीवाट स्थानीय तह मार्फत उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- व्यवसायिक पशुपालनलाई सहयोग पुग्ने गरी हिमाली क्षेत्रमा चरन क्षेत्रको विकास र संरक्षण गरिनेछ ।
- एकीकृत कृषि खेती, सामुहिक तथा सहकारी खेती प्रणाली, पर्यटकीय तथा वातावरणमैत्री

कृषि प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

- प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरुको पहिचान एवम् उत्पादन वृद्धि गरी उत्पादित प्राङ्गारिक वस्तुको प्रमाणीकरण तथा ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिनेछ ।
- "एक वडा, एक उत्पादन" को अवधारणालाई प्राथमिकता दिइनेछ ।
- कृषि सहकारी संस्था मार्फत उन्नत बिउ बिजनको उत्पादन, प्रबर्द्धन र वितरणलाई प्रोत्साहन गरिनेछ ।
- पाँच वर्ष भित्र साना किसान कृषि सहकारी मार्फत साना किसान उत्पादित कृषि उपजलाई सामुहिक रुपमा खरीद बिक्रीको लागि कृषि बजार स्थापना गरिनेछ ।
- सामुहिक खेती (चक्लाबन्दी) गर्ने समूहलाई आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।
- सहज र सुपथ मूल्यमा कृषि मल र आधुनिक कृषि औजारको लागि अनुदानको व्यवस्था मिलाईनेछ ।
- सामुदायिक रुपमा सतह, भूमिगत र लिफ्ट सिँचाईलाई उच्च प्राथमिकता दिई कृषि कार्यको लागि खपत भएको विद्युत महशुलमा अनुदान दिईनेछ ।
- उत्पादनशील जमीन बाँझो नरहने व्यवस्था गरिनेछ र कृषि उत्पादनको लागि जमीन लामो समय लिजमा दिने कानूनको व्यवस्था गरिनेछ ।
- प्राकृतिक प्रकोप तथा जंगली जनावरबाट नागरिकहरुको मृत्यु भएमा एवं निजहरुको पशुपंक्षी/बालीनाली क्षति भएमा प्राविधिक निरीक्षण गरी क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।
- कृषि तथा बाली बीमाको व्यवस्था गरिनेछ ।
- गाई, भैसीं, बाख्रामा कृत्रिम गर्भाधान सेवाको पहुँच विस्तार गरी पूर्ण रुपमा निःशुल्क गरिनेछ ।
- समयमा नै मल तथा बीउबीजनको उपलब्धता सुनिश्चित गरिनेछ।

## सिंचाई : दिगो सिँचाई प्रणाली - दिगो विकास

- प्रदेश तथा स्थानीय तहसँगको सहकार्यमा सम्भाव्य स्थानमा भूमिगत जलस्रोतमा आधारित स्यालो तथा डीप् ट्युबवेल कार्यक्रमलाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।
- प्रदेश तथा स्थानीय तहसँगको सहकार्यमा कृषियोग्य भूमिमा व्यवसायिक कृषिको लागि सौर्य उर्जा एवम् अन्य प्रविधिमा आधारित भूमिगत तथा लिफ्ट सिँचाई प्रणालीको विकास गरिनेछ ।
- मध्य तथा उच्च पहाडी क्षेत्रमा उपयुक्त प्रविधि सहितको सिँचाई सुविधा विस्तार गरिनेछ ।
- सहकारी तथा समुदायको सहभागितामा सिँचाई प्रणालीको व्यवस्थापन गरिनेछ ।
- वातावरणीय पक्षबाट सम्भाव्य अन्तर-जलाधार र जलाशययुक्त बहुउद्धेशीय ठुला सिंचाई आयोजना निर्माण गरिनेछ ।
- नेपालका नदीहरुमा रहेका अपार जलश्रोतलाई बहुउद्धेशीय योजनाहरु मार्फत टार एवम् फाँटहरु सिंचाई गर्ने व्यवस्था गरिनेछ।

**खानेपानी तथा सरसफाई : स्वच्छ पिउने पानी र सफा शौचालय – नागरिकको अधिकार**

- आधारभूत खानेपानी सेवाबाट विमुख समुदायको पहिचान र नक्साङ्कन गरिनेछ ।
- सबै घरधुरीमा चार वर्षभित्र आधारभूत खानेपानी सेवा उपलब्ध गराईनेछ ।
- खानेपानी सेवालाई प्रारम्भमा १०,००० लिटर सम्म प्रत्येक घरधुरीलाई निःशुल्क र क्रमशः वृद्धि गर्दै लगिनेछ ।
- तराईमा आर्सेनिकमुक्त सुरक्षित खानेपानी आयोजना यथाशीघ्र सम्पन्न गर्न आवश्यक समन्वय, सहकार्य तथा सहजीकरण गरिनेछ ।
- उपभोक्ताको स्वामित्वमा खानेपानी योजनालाई प्रोत्साहन गरिनेछ, साथै उपभोक्ता समितिको क्षमता विकासका कार्यलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।
- "एक घर एक धारा"को अवधारणालाई व्यवहारिक रुपमा कार्यान्वयन गरिनेछ ।
- भौगोलिक रुपमा आवश्यक स्थानहरुमा लिफ्ट प्रविधिको खानेपानी योजनालाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।
- भूमिगत पानीको पुनर्भरण (रिचार्ज) गर्ने उपाय र प्रविधिको विकास गरिनेछ ।
- परम्परागत पोखरी, ढुंगेधारा र मूलको संरक्षण गर्न कार्यक्रम सञ्चालन गरी भौगोलिक र प्राकृतिक स्वरुपको समेत जगेर्ना गरिनेछ ।
- शहरी क्षेत्रको फोहरमैलाको श्रोतमै वर्गीकरण गरी फोहर व्यवस्थापनको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गरिनेछ र पूर्वाधार सहितको ल्याण्डफिल्ड साईटको व्यवस्था गरिनेछ ।

**पूर्वाधार निर्माण : दिगो पूर्वाधार निर्माण – समृद्धिको आधार**

- विद्यमान सार्वजनिक खरिद ऐनमा संशोधन गरी विकास निर्माण आयोजनाहरुमा हुने ढिला सुस्ती, लापरवाही र नीतिगत भ्रष्टाचारको अन्त्य गरिनेछ ।
- गुणस्तरीय पूर्वाधार निर्माणका निमित्त प्रविधि छनौट, हरित पूर्वाधार निर्माण, वातावरणीय प्रभाव सहन क्षमता भएका पूर्वाधार निर्माण र वित्तीय स्रोत परिचालन सम्बन्धमा ज्ञान र दक्षता अभिवृद्धि गर्न विशेष कार्यनीति तर्जुमा गरिनेछ ।
- वातावरण मैत्री पूर्वाधार निर्माणको लागि "ग्लोबल क्लाईमेट फण्ड" लगायतबाट समेत पुँजीको व्यवस्था गरिनेछ।
- मेचीदेखि महाकालीसम्मको महेन्द्र राजमार्गलाई तीन वर्ष भित्र अन्तर्राष्ट्रिय हाइवेको मापदण्डमा स्तरोन्नति गरिनेछ । साथै अन्तर प्रादेशिक राजमार्गलाई सवारी चापको आधारमा विस्तार गरिनेछ ।
- नेपालको कुल सडक आवश्यकता निर्धारण गरी सडकलाई आर्थिक तथा सामरिक महत्व, व्यावसायिक तथा आधारभूत सम्पर्क संजालको रुपमा पहिचान गरिनेछ तथा आर्थिक रणनीतिक तवरले महत्वपूर्ण थप ३५०० कि.मी. सडक (पूर्व पश्चिम/ उत्तर दक्षिण कम्तिमा ४ लेनको राजमार्ग), विद्यमान सडक संजालमा थप निर्माण गरिनेछ ।
- राष्ट्रिय रणनीतिक सडक सञ्जालको विकास तथा विस्तार कार्यमा शहरी क्षेत्रमा फ्लाई-ओभर,

पुल तथा अन्डर-पास र मुख्य-मुख्य राजमार्गमा सुरुङ मार्ग निर्माण गरी विद्यमान आधुनिक सडक पूर्वाधार विकास गर्ने कार्य सुरु गरिनेछ । समग्रमा सड्क जाम अन्त्य गरिनुका साथै दुरी समेतको कमी गरिनेछ ।

- मेची महाकाली हुलाकी राजमार्ग, काठमाडौं हेटौडा जोड्ने सुरुङ मार्ग, काठमाडौं जुम्ला राजमार्ग, मध्य पहाडी राजमार्गको द्रुत गतिमा निर्माण सम्पन्न गरिनेछ ।
- कर्णाली तथा सुदूरपश्चिम प्रदेशका उत्तर दक्षिण राजमार्गलाई आन्तरिक आबद्धता हुने गरी सवारी चापका आधारमा विकास तथा विस्तार गरिनेछ ।
- पूर्वाधार निर्माणसंग संलग्न सरकारी तथा निजी संस्थाहरुको संस्थागत क्षमता विकास गरिनेछ ।
- भू-क्षय नियन्त्रण कार्यमा प्रभावकारी ढङ्गले बायो-इन्जिनियरिंग पद्धतिलाई लागु गरिनेछ ।
- भैरहवा तथा पोखरा विमानस्थल क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको हवाई कार्गो सेवाका लागि पूर्वाधार विकास गरिनेछ र यस कार्यका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- पर्यावरणको समेत सुरक्षा गर्दै प्रस्तावित निजगढ विमानस्थल आयोजनालाई राजनीतिक चलखेलवाट मुक्त गराई यथाशीघ्र निर्माण सम्पन्न गरिनेछ ।
- पर्यटकीय रुपले महत्वपूर्ण विमानस्थलहरुमा बाह्रै महिना संचालन हुने गरी स्तरोन्नति गरिनेछ ।
- आर्थिक सम्भाव्यताको आधारमा रेलमार्गको निर्माण र सञ्चालनमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गरिनेछ ।
- कोशी तथा नारायणी नदीमा जलमार्गको संजाल निर्माण गरिनेछ ।
- सातै प्रदेशमा स्मार्ट शहर र स्मार्ट गाँउ निर्माण गरिनेछ ।
- हरित उर्जामा आधारित सार्वजनिक यातायातका साधनमा हुने लगानीलाई प्राथमिकता दिईनेछ । कर छुट लगायतका अन्य सुविधा मिलाईनेछ ।
- आमसञ्चार माध्यमलाई डिजिटल प्रणालीमा रुपान्तरण गरिनेछ ।
- डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरिनेछ ।
- चलचित्र क्षेत्रको आवश्यक पूर्वाधार विकासका लागि सहयोग गरी संस्कृति तथा पर्यटन प्रवर्द्धन गरिनेछ ।
- पूर्वाधार निर्माणमा जलवायु परिवर्तनलाई समानुकुलन र अनुकुलन गरी प्राकृतिक वातावरणको संरक्षण र सम्बर्द्धन गरिनेछ ।
- पूर्वाधार निर्माणमा वैज्ञानिक अनुसन्धानलाई प्रोत्साहन गर्न सार्वजनिक-निजी साझेदारीमा अनुसन्धान र लगानी गरिनेछ ।
- अनुसन्धान प्रतिष्ठान, विश्वविद्यालय, र औद्योगिक प्रतिष्ठानबीच सहकार्यको वातावरण बनाउन सहजीकरण गरिनेछ ।
- **अनुसन्धानकर्ता महावीर पुन र अन्य अनुसन्धानकर्ता र सम्बन्धित अनुसन्धानशालालाई राज्यको तर्फवाट पूर्ण सहयोग दिने व्यवस्था मिलाईनेछ ।**
- जुम्ला, मुस्ताङ लगायतका हिमाली क्षेत्रमा स्थापना हुने जडिबुटी तथा फलफुलसंग सम्बद्ध

प्रशोधन उद्योगलाई विशेष अनुदान तथा कर सुविधाको व्यवस्था मिलाईनेछ ।

**जलविद्युत : जलविद्युतको विकास, पुँजीको निर्माण र आत्मनिर्भरता**

- प्रादेशिक सन्तुलन समेत कायम हुने गरी विद्युत गृह निर्माण र आन्तरिक विद्युत प्रसारण लाइनको निर्माणलाई तीव्रता दिइनेछ ।
- प्रमुख नदी शृंखलामा उत्तर दक्षिण प्रसारण लाईन निर्माण गरिनेछ ।
- सबै जिल्लाहरुलाई राष्ट्रिय विद्युत प्रसारण (नेशनल ग्रिड) लाईनमा जोडिनेछ । मुलुकको सबै घरमा बिजुली पुर्याउने व्यवस्था गरिनेछ ।
- स्थानीय खपतका निमित्त लघु जलविद्युत उत्पादन गर्ने स्थानीय लगानीकर्ताहरुलाई सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ तथा उत्पादन पश्चात १२ वर्ष सम्म करमा छुट दिइनेछ ।
- विद्युत खपत कम हुने समयमा खेर जान सक्ने उर्जालाई उपयोग गर्न प्रोत्साहन गरिनेछ । यसका लागि उद्योग करिडोरमा र अन्य उत्पादन कार्यमा प्रयोग गर्न, आवश्यक पूर्वाधार विकास गरी सहुलियत दरमा विद्युत उपलब्ध गराईनेछ ।
- छिमेकी मुलुकहरुसंग द्विपक्षीय तथा बहुपक्षीय व्यापार सम्झौता गरी क्षेत्रीय विद्युत बजारको विकास गरिनेछ ।
- ईन्धन आयात व्यापक रुपमा कटौती गर्न, नेपालमा उत्पादित विद्युत नेपालमै खपत गर्न व्यापक औद्योगीकरण, विद्युतीय सवारी साधनहरुको प्रयोग तथा खाना पकाउनेदेखि सिँचाई प्रयोजनमा समेत  सहुलियत दरमा विद्युत उपलब्ध गर्ने नीति ल्याईनेछ ।
- मझौला एवम् जलाशययुक्त बहुउद्धेशीय जलविद्युत आयोजनाहरु सातै प्रदेशमा निर्माण गरिनेछ ।
- स्वदेशी तथा विदेशी जलविद्युत निर्माण कम्पनीहरुलाई प्रोत्साहित तथा आकर्षित गर्न, अनुमतिपत्र प्राप्त गर्ने प्रक्रियालाई सरलीकरण गर्ने, लगानीको प्रतिफल सुनिश्चित हुने वातावरण मिलाईने र जलविद्युत आयोजना निर्माणको लागि सहुलियत दरमा कर्जा उपलब्ध गराईनेछ ।
- जलविद्युत आयोजना निर्माणको लागि आवश्यक नीति नियमलाई पारदर्शी र सरलीकरण गरिने साथै आयोजना क्षेत्रमा पूर्वाधार निर्माणमा सहजीकरण र सुरक्षाको प्रत्याभूति गरिनेछ ।
- जलविद्युत आयोजनाको निश्चित प्रतिशत शेयर एवम् उत्पादित बिजुलीको केही अंश प्रतिफलको रुपमा स्थानीय तहले पाउने व्यवस्था गरिनेछ ।
- तत्काल सबै जिल्लाहरुलाई राष्ट्रिय विद्युतीय प्रशारण लाईनमा जोडिनेछ ।

**युवा तथा खेलकुद : एक पालिका एक खेल मैदान**

- युवालाई उद्यमशील, रोजगार र स्वरोजगार बनाउन आवश्यक सहयोग उपलब्ध गराउन हरेक स्थानीय तहमा संयन्त्रहरु विकास गरिनेछ ।
- सार्वजनिक-निजी साझेदारीवाट युवा लक्षित उद्यम व्यवसाय प्रबर्द्धन गरिनेछ ।

- सामाजिक कुरीति, दुर्व्यशन, अन्धविश्वास, विभेद र असमानता विरुद्ध युवा परिचालन कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- प्रदेश र स्थानीय स्तरमा आवश्यकताको आधारमा रंगशाला, कभर्ड हल, खेल मैदान, खुला व्यामशालाको निर्माण गरिनेछ ।
- स्थानीय प्रतिभाशाली खेलाडी तथा प्रशिक्षकलाई उच्चस्तरीय प्रशिक्षणको व्यवस्था गरिनेछ ।
- अक्षय कोषको व्यवस्था गरी खेलाडीको सामाजिक सुरक्षा सुनिश्चित गरिनेछ ।
- युवाहरुमा बढ्दो लागूऔषधको प्रयोग रोक्नको लागि सचेतना कार्यक्रम संचालन गरिने र सरकारी तवरबाटै अन्तरदेशीय सम्बन्ध विकास गरी नियन्त्रणात्मक, निरोधात्मक र उपचारात्मक सेवा प्रभावकारी ढंगले संचालन गरिनेछ ।

**पर्यटन : पर्यटनको आधार/विकास - समुन्नति र रोजगार**

- वार्षिक २५ लाख पर्यटक भित्र्याउन निजी/अन्तर्राष्ट्रिय क्षेत्र समेतको संलग्नतामा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- लोकप्रिय पदयात्रा मार्गहरु विस्थापित हुँदै गरेको अवस्थालाई मध्यनजर गरी विस्थापित मार्गहरुको सट्टामा वैकल्पिक पदमार्गहरुको निर्माण/व्यवस्था गरिनेछ ।
- आरोहण खुला नगरिएका मध्ये खुला गर्न मिल्ने हिमालहरुको "पिक प्रोफाइल" बनाई आरोहण खुला गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रचारप्रसार गरिनेछ ।
- साहसिक पर्यटनमा हाल दक्ष जनशक्तिको अभाव महसुस भएको हुँदा विभिन्न विधामा दक्ष जनशक्ति उत्पादनको लागि सम्बन्धित संघ/संस्थाहरुसंग समन्वय/सहजीकरणमा तालिमको व्यवस्था मिलाईनेछ ।
- पदयात्रा सम्बन्धि अनुमतिपत्रहरुको झन्झटिलो व्यवस्थालाई अन्त्य गरी पर्यटनमैत्री एकद्वार प्रणाली व्यवस्था गरिनेछ ।
- स्थानीय तहसंग समन्वय गरी स्थानीय पर्यटन विकासलाई प्राथमिकता दिई होमस्टे संचालनको लागि निर्व्याजी ऋण र तालिमको व्यवस्था गरिनेछ । आन्तरिक पर्यटकलाई होमस्टे उपयोग गर्न प्रोत्साहित गरिनेछ ।
- हवाई क्षेत्र सुरक्षाका लागि नेपाल नागरिक उड्डयन प्राधिकरण र सम्बन्धित संस्थाहरुको व्यावसायिकताको विकास तथा सुदृढीकरण गरिनेछ ।
- आन्तरिक हवाई यातायातलाइ पूर्व, मध्य र पश्चिम गरी तीन प्रमुख आधार क्षेत्र बनाई संचालन गर्ने नीति लिईनेछ ।
- देशभित्र साहसिक र मनोरन्जनात्मक पर्यटनका लागि सबै तहका सरकारलाई समन्वयात्मक रुपमा परिचालन गरी देशलाई पूर्व, पश्चिम, उत्तर दक्षिण जोड्ने गरी पर्यटनको थप गन्तव्यको रुपमा विकास गरिनेछ ।
- बागमती, विष्णुमती, धोबीखोला, मनोहरा लगायतका देशभरका प्रमुख नदी किनारहरुलाई स्वच्छ र सफा तुल्याउने अभियानलाई तीव्रता दिइनेछ । उक्त नदीहरुको दायाँ बायाँ

पर्यटकीय संरचनाहरु विस्तार गरिनेछ ।

- धार्मिक पर्यटनलाई व्यापकरुपमा प्रवर्द्धन गरिनेछ ।
- अन्तर्राष्ट्रिय चलचित्रलाई नेपालमा छायाँङ्कनका लागि आवश्यक सहुलियत, सहयोगको व्यवस्था गरिनेछ तथा आवश्यक सहजीकरण गरिनेछ ।

**उद्योग तथा वाणिज्य : स्वदेशी बन, स्वदेश भन, सम्हाल नेपाल**

- धागो, कपडा उद्योग, फुटवेयर (जुत्ताचप्पल), निर्माण सामग्री, कृषि, खाद्यान्न, वनपैदावार, जडिबुटी, औषधी, हस्तकला लगायतका क्षेत्रहरुमा सफ्ट पोलिसी अन्तर्गत वैदेशिक तथा आन्तरिक लगानी बढाईने, जनशक्तिलाई प्रशिक्षित गरिने, सम्बन्धित साना मझौला उद्योगलाई प्रवर्द्धन र संरक्षण गरिनेछ ।
- रोजगारमूलक उद्योगहरुमा विदेशी लगानी भित्र्याउन तथा स्वदेशी लगानी फस्टाउन, लगानीको उच्चतम प्रतिफल रहेको पुष्टि गर्न, विदेशी कम्पनीलाई 'रिप्याट्रिएसन'मा लैजान सहज वातावरण बनाउन, भएका लगानीकर्तालाई सहजीकरण, संरक्षण गरिदिन र प्रवर्द्धन गर्न लगानीमैत्री वातावरण तथा नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- नेपालको व्यापार घाटा विकराल रुपमा बढ्दै गएको तथ्यलाई दृष्टिगत गर्दै आयात प्रतिस्थापनलाई जोड दिँदै स्थानीय उत्पादनको निर्यात प्रवर्द्धनको लागि विशेष कार्ययोजना कार्यान्वयन गरिनेछ ।
- उद्योग तथा व्यापारको विकासको निमित्त देशका विभिन्न भागहरुमा विशेष आर्थिक क्षेत्रहरु स्थापना गरिनेछ । त्यस्ता क्षेत्रहरुमा ऋण, ब्याज, कर, विदेशी विनिमय लगायतका विषयहरुमा विशेष र अतिरिक्त सुविधा र सहुलियत प्रदान गरिनेछ । त्यस्ता क्षेत्रहरुमा ट्रेड युनियनहरु खोल्न, बन्द र हड्ताल गर्न प्रतिवन्ध लगाईनेछ ।
- गैरआवासीय नेपालीहरुलाई निर्यातमूलक र रोजगारमूलक उद्योगहरुमा लगानी गर्न प्रोत्साहित गरिनेछ । विद्युत र कर सुविधाको विशेष व्यवस्था गरिनेछ ।
- "एक पटकको नेपाली सधैंको नेपाली" भन्ने धारणालाई मनन गर्दै गैर आवासीय नेपालीहरुको नेपालभित्र लगानी गर्ने वातावरणलाई सरल र सहज तुल्याईनेछ ।
- महिलाहरुद्वारा संचालित साना तथा लघु उद्योग व्यवसायमा स्थानीय तहसँग समन्वय गरी १२ वर्षसम्म स्थानीय कर छुट गर्ने व्यवस्था मिलाईनेछ ।
- सबै उद्योगहरुलाई पर्यावरण तथा वातावरण मैत्री बनाईनेछ ।
- नेपाली चलचित्रको निर्माण, वितरण तथा प्रदर्शनलाई व्यवस्थित गरिनेछ ।

**जलवायु परिवर्तन : भावी सन्ततिका लागि पर्यावरण जोगाऔं**

- जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौताको कार्यान्वयनका लागि दीर्घकालीन रणनीतिक योजना तर्जुमा गरिनेछ साथै राष्ट्रिय रुपमा निर्धारित योगदान मार्गचित्रलाई आवश्यकता अनुसार परिमार्जन गर्दै कार्यान्वयन गरिनेछ ।
- नदी तथा हिमतालको सर्भेक्षण, अनुगमन तथा जोखिम न्यूनीकरणका कार्यहरु गरिनेछ।

- वातावरण संरक्षण तथा ठुलो मात्रामा व्यापार घाटा कम हुने परिप्रेक्ष्यमा विद्युतीय सवारी साधनलाई सहुलियत करको व्यवस्था गरिनेछ ।
- स्थानीय अनुकूलन योजनाको निर्माण र कार्यान्वयनमा स्थानीय तहहरुलाई सशक्तिकरण गर्दै जलवायु परिवर्तन शीर्षकको बजेटको ठुलो हिस्सा स्थानीय तहमा खर्च हुने व्यवस्था गरिनेछ ।

**वन, जैविक बिबिधता तथा जलाधार : वन, वन्यजन्तु र जलाधार–पर्या-पर्यटनको मुख्य आधार**

- वनमा आधारित कार्बन व्यापारका लागि रेडप्लस तयारी गरी कार्यक्रम सम्पन्न गरी अन्तर्राष्ट्रिय संयन्त्र मार्फत भुक्तानी दावी गरिनेछ ।
- स्थानीय समूह सम्मिलित वन उपभोक्ता समूह मार्फत सहकारी, निजी तथा सरकारी क्षेत्रको साझेदारीमा वन पैदावारलाई बन नतिजामा आधारित पर्यावरणीय, वनजन्य काष्ठ फर्निचर लगायतका उद्योगमा लगाउने वातावरण विकास गरिनेछ र स्थानीय रोजगारीको एक प्रमुख श्रोतको रुपमा विकास गरिनेछ ।
- काष्ठजन्य बन पैदावारको उत्पादन र आपूर्ति बढाई विदेशवाट हुने आयातलाई प्रतिस्थापन गरिनेछ ।
- एक स्थानीय तह, एक स्थानीय बन तथा जलाधार व्यवस्थापन गर्न स्रोत व्यक्ति परिचालनको अवधारणा लागु गरिनेछ ।
- बन अतिक्रमण, चोरी निकासी, बन डढेलो जस्ता अपराधलाई निरुत्साहित र नियन्त्रण गर्न मौजुदा रणनीतिमा समय सापेक्ष परिमार्जन गरि कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।
- सामुदायिक वनहरुलाई उपभोक्ताको आय आर्जनसंग जोड्ने र व्यवस्थित गर्ने व्यवस्था गरिनेछ ।
- वन, वन्यजन्तु, जलाधार तथा जैविक बिबिधताको संरक्षण र विकास राज्यको उच्च प्राथमिकतामा राखिनेछ ।
- वन्यजन्तु मानवद्वन्द न्यूनीकरण कार्यलाई उच्च प्राथमिकतामा राखी विशेष कार्ययोजना बनाई लागु गरिनेछ ।

**महिला, बालबालिका, ज्येष्ठ नागारिक, अपाङ्ग, उत्पीडित, सीमान्तकृत, यौनिक तथा लैङगिक अल्पसंख्यक तथा सुकुम्बासी : सामाजिक सुरक्षाको सुनिश्चितता - राप्रपाको प्रतिबद्धता**

- महिला हिंसा, दाइजो, दहेज प्रथा तथा बाल बिबाह जस्ता विकृतिको अन्त्य गर्ने तथा महिला सशक्तीकरण कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- एकल तथा विधुर, शारीरिक र मानसिक रुपमा अशक्त, असहाय जेष्ठ नागरिकका लागि स्याहार-सुसार, हेरचाह र औषधि उपचारको व्यवस्था घर दैलोमा पुऱ्याईनेछ ।
- अशक्त, असहाय र टुहुरा बालबालिकालाई आवश्यक शिक्षा, स्वास्थ्य र हेरचाहको व्यवस्थाका लागि स्याहार केन्द्रहरुको स्थापना गरिनेछ ।
- ज्येष्ठ नागरिकलाई देशभित्र निःशुल्क यातायात तथा धार्मिक यात्राको व्यवस्था गरिनेछ ।

- भूमिहीन तथा घरबार विहीन नागरिकहरुको लागि सामुहिक आवासको व्यवस्था गरिनेछ ।
- वास्तबिक सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान सुनिश्चित गरी विशेष कार्य योजना बनाई सुकुम्वासी समस्या स्थायी रुपमा समाधान गरिनेछ ।
- उत्पीडित समुदायको परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको उपयोगका साथै त्यसलाई आधुनिक व्यवसायमा आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराईनेछ ।
- अपाङ्ग, उत्पीडित तथा सीमान्तकृत समुदायका नागरिकहरुवाट सामुहिक रुपमा उक्त समुदायका लागि स्थापित स्वास्थ्य संस्था, विद्यालय, तालिम केन्द्र लगायत उद्योग व्यवसायमा कर छुटको व्यवस्था गरिनेछ ।
- देशका हरेक प्रतिनिधिसभा निर्वाचन क्षेत्रहरूमा कम्तिमा एक अपाङ्गता पुनर्स्थापना गृह र हरेक पालिकामा एक अपाङ्गता हेल्प डेक्स स्थापना गरिनेछ तथा उक्त हेल्प डेक्सको संचालन सम्बन्धित वर्गवाटै हुनेछ ।
- यौनिक तथा लैङगिक अल्पसंख्यकप्रति सामाजिक विभेद हटाउन सचेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकको लागि रोजगारीको सुनिश्चितता, स्वास्थ्य उपचार, निःशुल्क शिक्षा, तथा सामाजिक अन्तरघुलन गरेर समुदायमा स्थापित गर्ने समावेशी नीतिहरु तर्जुमा गरिने गरी कार्यान्वयन गरिनेछ ।

### राप्रपाले “नेपाल बन्द” कहिल्यै गर्ने छैन : नेपाल बन्द सधैंका लागि बन्द

- नेपाल बन्दको संस्कृतिले देशको आर्थिक विकासका साथै सामाजिक जनजीवनमा अत्यन्तै नकारात्मक प्रभाव पारेको छ । यस तथ्यलाई दृष्टिगत गर्दै राप्रपाले नेपाल बन्द जस्तो कार्यक्रम कहिल्यै नगर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।
- स्वास्थ्य, हवाई, खानेपानी, विद्युत, ग्यास तथा पेट्रोलियम पदार्थ ढुवानी तथा वितरण लगायत विभिन्न औद्योगिक क्षेत्रमा हड्ताल गर्न पूर्णरुपमा प्रतिवन्ध लगाइनेछ ।

### सरकारमा सहभागिताको बारे: राप्रपाले सत्ता केन्द्रीत राजनीति गर्ने छैन

- विगतको सत्ता केन्द्रीत राजनीतिको तितो अनुभववाट शिक्षा लिदैं राष्ट्रिय प्रजातन्त्र पार्टीले सत्ता केन्द्रित राजनीति गर्ने छैन । आगामी दिनमा राप्रपाको प्राथमिकता राप्रपाको मुद्दाहरु स्थापना गर्न केन्द्रित हुनेछ । आगामी संसदमा जनताको चाहना र अभिमतलाई आफ्नो मूल आधार मानेर आफ्नो भूमिका निर्धारण गर्नेछ ।


### विविध

- नेपालवाट विदेशी कम्पनीहरुले डिजीटल माध्यमको विभिन्न विधावाट, नेपाललाई नगन्य कर/ शुन्य कर तिरी अर्बौं रुपैंया बिदेशमा लगिरहेको सन्दर्भमा आवश्यक कर सम्वन्धी नीति तत्काल निर्माण गरी कार्यान्वयन गरिनेछ र सूचना/प्रविधिलाई विदेशी मुद्राको प्रमुख आयश्रोत र रोजगारीको क्षेत्रको रुपमा विकास गरिनेछ ।

- नवीनतम सूचना प्रविधि (डिजीटल समेत) लगायत अन्य विभिन्न क्षेत्रमा स्वदेशी/विदेशी विज्ञ, नविनतम प्रविधि निर्माणकर्ता समुदाय, उद्यमीहरु र बहुराष्ट्रिय कम्पनीहरुलाई आकर्षित गर्न उच्चस्तरीय "Start-up" संयन्त्र निर्माण गरिनेछ ।
- विद्यमान आरक्षणको व्यवस्थामा व्यापक सुधार गरिनेछ । यस सम्बन्धमा विस्तृत कार्ययोजना ल्याइनेछ ।
- **सीमा व्यवस्थापन र नागरिकता :**
खुला सीमानाको कारण सीमा क्षेत्रमा आपराधिक गतिविधि बढेको, अवैध आर्थिक क्रियाकलापले प्रोत्साहन पाएको, सीमामा रहेका नागरिकले आवास र भूमिको समस्या झेली रहनुपरेको मात्र होइन दुवै देशको सुरक्षामा समेत चुनौती बढिरहेकोले सीमा व्यवस्थित गर्नु पर्ने माग उठ्दै आईरहेको छ । छिमेकी सरकारसंग कुटनैतिक छलफल गरी सीमा व्यवस्थित गर्नका लागि पहल गरिनेछ ।
- कुनै पनि नेपाली नागरिकता पाउनबाट वञ्चित हुनु नपरोस भन्ने यथार्थलाई आत्मसात गर्दै नागरिकता वितरणमा देखिएको कानूनी व्यवस्थामा सुधार गरिनेछ । कुनै पनि विदेशीले नागरिकता लिन नसकुन भन्ने मान्यतालाई कार्यान्वयन गर्नेछ साथै विगतका नागरिकता वितरणमा भएका अनियमिततालाई छानवीन गरिनेछ ।
- राप्रपाले बडामहाराज पृथ्वीनारायण शाहलाई आदर्श व्यक्ति मान्नेछ साथै पृथ्वी जयन्तीलाई राष्ट्रिय एकता दिवस र राष्ट्रिय पर्वको रुपमा मनाइने व्यवस्था गर्नेछ । पृथ्वी जयन्तीमा सार्वजनिक बिदा दिइनेछ ।
- यातायात क्षेत्रका विद्यमान समस्याको समयानुकुल पुनरावलोकन गरिनेछ ।
- मठमन्दिर, गुम्बा, मस्जिद, माङ्गहिम लगायतका सबै धार्मिक संघसंस्थाहरुको विकास तथा संरक्षण गरिनेछ ।
- बढ्दो धर्मान्तरणको वेगलाई निस्तेज पार्न संविधान र कानूनमा भएको व्यवस्थालाई कडाईको साथ कार्यान्वयन गरिनेछ साथै संगठित र योजनावद्ध धर्म परिवर्तनलाई नियन्त्रण र निरुत्साहित गरिनेछ ।
- भौगोलिकरुपमा विकट र कष्टकर जीवन बिताउन बाध्य कर्णाली प्रदेश र उच्च हिमाली क्षेत्रका बासिन्दाको जीवनस्तर वृद्धि गर्न एवं विकासको मूल प्रवाहमा समेट्न दुर्गम क्षेत्र विकास परियोजनामा सुधार, विस्तार एवं कार्यान्वयन गरिनेछ।
- सबै धर्मका बीचमा समानता र सबै धर्मलाई बराबरीको स्वतन्त्रता प्रदान गर्दै नेपालमा प्रचलित सम्पूर्ण धर्म, सम्प्रदायको सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने दृष्टिकोण रहेको छ। धर्मको आधारमा कुनै पनि प्रकारको भेदभावलाई दण्डनीय बनाईनेछ। आ-आफ्नो धर्म, संस्कृति, परम्परा र रीतिरिवाज बमोजिम पूजा, आराधना र उपासना गर्न पाउने नागरिक अधिकारको सुनिश्चितता र संरक्षण गरिनेछ ।
- नेपालका सबै मातृ भाषाहरुलाई संरक्षण गरिनेछ ।
- विविधताले भरिपूर्ण नेपालका सबै जातजाति, भाषाभाषी, आदिवासी लगायत सबैको मौलिक संस्कृतिको जर्गेना गर्न विशेष कार्ययोजना ल्याइनेछ ।

- नेपालका महत्वपूर्ण धार्मिक क्षेत्रहरुको ऐतिहासिकता, पुरातात्विक महत्वलाई दृष्टिगत गर्दै उच्च प्राथमिकता साथ संरक्षण र प्रवर्द्धन गरिनेछ । साथै धार्मिक तथा पर्यटकीय गन्तव्य स्थलका रुपमा योजना बनाई विकास गरिनेछ ।
- जातीय आधारमा हुने/गरिने विभेद र छुवाछुतलाई दण्डनीय तुल्याईनेछ । जातिगत आधारमा मठ, मन्दिर र धार्मिक स्थलमा कुप्रथाको रुपमा रहेको प्रवेश निषेधलाई कडाइकासाथ दण्डनीय बनाइनेछ ।
- ब्रिटिश तथा भारतीय गोरखा सैनिकहरुका विद्यमान समस्या समाधानका लागि आवश्यक र विशेष पहल गरिनेछ । आफ्नो अधिकारका लागि आन्दोलन गर्नुपर्ने अवस्थाको अन्त्य हुने गरी दीर्घकालीन समाधानका उपाय खोजिनेछ ।
- चिकित्सकीय प्रयोजनको लागि गाँजाको उत्पादन तथा प्रयोग सम्बन्धी आवश्यक कानून निर्माण गरिनेछ ।
- फुटपाथ व्यवसायी, ट्याक्सी व्यवसायी लगायतका सबै साना व्यवसायीहरुको विद्यमान समस्या समाधान गर्दै संरक्षण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**राप्रपाको चुनाव चिन्ह "हलो" मा मतदान गर्नु हुन हार्दिक अपील गर्दछौं ।**



## चुनाव चिन्ह "हलो"

## धन्यवाद !